# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रीय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal


**प्रेस विज्ञप्ति**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ साउन १७ गते

## अन्धविश्वासमा बालकको हत्या गर्ने कार्य पाशविक: आयोग

## नवलपरासीमा घटना पुनः दोहोरिन नदिन कानूनी कारबाही र सचेतना आवश्यक ।

तन्त्रमन्त्रको नाममा नवलपरासीको कुडिया वडा नं.४ मर्चहवाका शिवमंगल कोहारका १० वर्षीय छोरा सोनु भनिने जीवन कोहारको घाँटी रेटी क्रूर मानवीय तवरले हत्या गरिएको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । सदरमुकामदेखि २० किलोमिटर पूर्वमा पर्ने मर्चहवामा स्थानीय कोदई हरिजनका बिरामी छोरा विजयको उपचारका क्रममा झाँकीले बलि चढाउने भन्दै १० वर्षीय बालक जीवनको हत्या गरिनु क्रूरतम जघन्य अपराध हो ।

मानिसको बलि दिएर रोग निको हुन्छ भन्ने अन्धविश्वासमा बालकको हत्या गर्ने कार्य दण्डनीय अपराध हो । अपराधमा संलग्न व्यक्तिहरुलाई कानून बमोजम अधिकतम सजाय हुनुपर्ने तथा मृतकका घरपरिवार ज्यालामजदुरी गर्ने भएकोले तत्काल राहत र क्षतिपूर्ति स्वरुप उचित रकम उपलब्ध गराउन आयोग सरकारलाई आग्रह गर्दछ ।

यस घटनाले नेपाली समाजमा अझैपनि चरम अन्धविश्वास कायमै रहेको प्रष्ट देखिन्छ । बालअधिकारसम्बन्धी महासन्धिको धारा ६, ८ र २७ मा सबै बालबालिकाहरुको बाँच्न पाउने अधिकार उल्लेख गरिएको छ । नेपाल सरकारले बालबालिकाहरुको हक अधिकार, संरक्षण र सम्बर्द्धनका लागि बालअधिकार सम्बन्धी महासन्धि लगायत बिभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरु त्यसका ऐच्छिक प्रलेखहरु, घोषणापत्र तथा कार्ययोजनाहरुमा आफ्नो प्रतिबद्धता जनाएको छ ।

अज्ञानता व्याप्त रहेको नेपाली समाजमा यस किसिमका घटना दोहोरिन नदिन नेपाल सरकार तथा बाल अधिकारको क्षेत्रमा क्रियाशील संघसंस्थाले गाउँ, गाउँमा चेतना जगाउन विशेष अभियान संचालन गर्न जरुरी देखिन्छ । साथै अभिभावकहरुले समेत आफ्ना सन्तानहरु के -कस्तो अवस्थामा छन्, घर, समाज र स्कूलमा के गर्दछन् भनी निगरानी गर्ने, तथा हराएको अवस्थामा तत्कालै खोजविन गरी प्रहरीलाई जानकारी गराउन आवश्यक देखिन्छ ।

बालबालिका शान्ति क्षेत्र हुन भनिए पनि विद्यालयमा हुने कुटपिट, भेदभाव तथा यस्तै प्रकृतिकाकारणले सिर्जना गर्ने यस्ता घटनाले बालबालिकाको ज्यानै जानसक्ने तर्फ सम्बन्धित निकाय संचेत रही समाजमा हुने यस्ता क्रूर आमानवीय र पाशविक कार्य नियन्त्रण गर्न मौजुदा कानूनहरुलाई समय सापेक्ष परिमार्जन गरी सशक्त कानून वनाउन आयोग सरोकारवालाहरुको ध्यानाकर्षण गर्दछ । हालै संसदले बोक्सीसम्बन्धी (कसुर र सजाय) ऐन २०७१ पारित गरेको छ ।

मोहना अन्सारी

सदस्य तथा प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org